आज मिति २०८१ साल असोज २० गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को चौथो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री गोविन्द भट्टराई | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |

सहयोगी कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | रनवीर बुढा | प्रशासन शाखा प्रमुख | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## चौथो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. वडा दशैं, तिहार र छठ पर्वको शुभकामना सम्बन्धमा ।
३. कानुन सिफारिस तथा स्वीकृत सम्बन्धमा ।
४. IEE पुनरावलोकन प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
५. अवैधानिक रुपमा सञ्चालित ट्यूशन सेन्टर तथा क्लवहरुलाई व्यवस्थित गर्ने सम्बन्धमा ।
६. जग्गा प्राप्ती सम्बन्धमा ।
७. विविध छलफल सम्बन्धमा ।

## २०८१ असोज २० गते बसेको चौथो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समीक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २. | वडा दशैं, तिहार र छठ पर्वको शुभकामना सम्बन्धमा । | नेपालीहरुको महान चाड विजयादशमी, तिहार र छठ पर्वको शुभकामना व्यक्त गर्ने । | नेपालीहरुको महान चाडको रुपमा रहेको विजयादशमी, तिहार र छठ पर्वको अवसरमा सम्पूर्ण सुनिलस्मृति गाउँपालिकाबासी साथै देशभित्र वा देश वाहिर बस्नुहुने सबै नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति समृद्धि सु-स्वास्थ्य, दिर्घायु र प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | कानुन सिफारिस तथा स्वीकृत सम्बन्धमा । | गाउँपालिकाकालाई आवश्यक पर्ने कानुनहरु आगामी गाउँसभामा सिफारिस गर्न तथा स्वीकृत गर्न आवश्यक रहेको । | विभिन्न मितिमा बसेको कानुन मस्यौदा समितिको बैठकबाट छलफल भई सिफारिस भएको सुनिलस्मृति गाउँपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०८१ स्वीकृतका लागि आगामी गाउँसभामा सिफारिस गर्ने तथा सुनिलस्मृति गाउँपालिकाको आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०८१, सुनिलस्मृति गाउँपालिका गाउँसभाको लेखा समितिका लागि कार्य सञ्चालन मानक, नागरिक बजेट निर्देशिका, अपाङ्गता भएका व्यक्तिहरूको समूह सञ्जाल व्यवस्थान कार्यविधि, २०८१ र सुनिलस्मृति गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चाल कार्यविधि, २०८१ लाई स्वीकृत तत्काल कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | IEE पुनरावलोकन प्रतिवेदन स्वीकृत सम्बन्धमा । | IEE पुनरावलोकन प्रतिवेद स्वीकृत गर्न आवश्यक रहेको । | नदिजन्य पदार्थ IEE को पुनरावलोकन प्रतिवेदन स्वीकृत गरी तत्काल कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | अवैधानिक रुपमा सञ्चालित ट्यूशन सेन्टर तथा क्लवहरुलाई व्यवस्थित गर्ने सम्बन्धमा । | गाउँपालिका क्षेत्रभित्र अवैधानिक रुपमा सञ्चालित ट्यूशन सेन्टर तथा क्लवहरुलाई व्यवस्थित गर्न आवश्यक रहेको । | गाउँपालिका भित्र अवैधानिक रुपमा सञ्चालनमा आएका ट्यूशन सेन्टर, क्लव, जिम लगाएत सञ्चालनमा आएको भनि गुनासो आएको हुदाँ तत्काल नगर प्रहरी इकाईलाई अनुगमनमा खटाउने र सो भएको पाइएमा तत्काल कानुनी प्रकृया पुरा गरि सञ्चालन गर्न निर्देशन दिई बन्द गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६ | जग्गा प्राप्ती सम्बन्धमा । | यस गाउँपालिका वडा नं. २ मा चतुर्भुजमा वृद्धाश्रम र वडा नं. ६ मा गजुलकोट दरवार पुन नर्माण गर्न आवश्यक रहेको हुदाँ श्री ५ को सरकार र नेपाल सरकार (रोल्पा)को नाममा दर्ता भएको जग्गा माग गर्न आवश्यक रहेको । | श्री ५ को सरकारको नाममा दर्ता रहेको, नक्सा सीट नं. ०३६००५१, कित्ता नं. ५२१ क्षेत्रफल ७७१० वर्गमिटर जिल्ला रोल्पा खुङ्ग्री गा.वि.स. वडा नं. २ हाल सुनिलस्मृति गाउँपालिका वडा नं. २ चतुर्भुजमा रहेको जग्गा र नेपाल सरकारको नाममा दर्ता रहेको, नक्सा सीट नं. ०९१०५७९, कित्ता नं. ६ क्षेत्रफल ८६५ वर्गमिटर जिल्ला रोल्पा गजुल गा.वि.स. वडा नं. ६ हाल सुनिलस्मृति गाउँपालिका वडा नं. ६ गजुलकोटमा रहेको जग्गा **"सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा** उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९" को दफा ४ (१) र ४ (२) वमोजिम खुंग्री वृद्धाश्रम र गजुलकोट दरवार पुनःनिर्माण र उपयोगका लागि सिफारिसार्थ श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौंलाई अनुरोध गर्ने साथै सिफारिस प्राप्त भए पश्चात श्री जिल्ला मालपोत कार्यालि रोल्पामा लेखि पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) घरभाडा सम्बन्धमा । | क) मिति २०८१ आश्विन १३ गते आइतवारका दिन घर भाडा निर्धारण समितिको वैठकबाट गाउँपालिका कार्यालय सञ्चालन गरिरहेको र घरधनी सोम बहादुर गिरीले २०८१ श्रावण देखि भाडा रकम वृद्धि गरिपाउँ भनि निवेदन पेश भएको भनि सिफारिस भई आएको हुदाँ गाउँ पालिका कार्यालय रहेको भवनको घर भाडा नियमानुसार वृद्धि गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) श्री सुर्योदय आधारभूत विद्यालयको फिल्ड निर्माणका लागि जग्गा खरिद सम्बन्धमा । | ख) श्री सुर्योदय आधारभूत विद्यालय वडा नं. ५ क्वालीगाउँको मिति २०८१।०६।११ गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय तथा ५ नं. वडा कार्यालयको मिति २०८१।०६।१६ को सिफारिस पत्रानुसार सुर्योदय आधारभूत विद्यालय क्वालिगाउँको खेलकुद मैदान र भवन निर्माणका लागि जग्गा प्रयास नभएकाले जिल्ला रोल्पा सुनिलस्मृति गाउँपालिका | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| | | | वडा नं. ५ स्थित चैति पुनमगरको नाममा दर्ता श्रेष्ता भएको साविक गजुल गा.वि.स. वडा नं. ६ मा पर्ने कित्ता नं. ९८५ क्षेत्रफल ५८० व.मी.को पुरै जग्गा रु. ३५,०००।- (अक्षरुपी पैतिस हजार रुपैया) ऐ.ऐ. बस्ने श्री तुलाराम पुनको नाममा दर्ता श्रेष्ता भएको साविक गजुल गा.वि.स. वडा नं. ६ कित्ता नं. ९८७ को क्षेत्रफल १४८५ व.मी. भएको पुरै जग्गा मुल्य रु. ७०,०००।- (अक्षरुपी सहत्तरी हजार), ऐ.ऐ. बस्ने चन्द्र बहादुर पुनमगरको नाममा दर्ता श्रेष्ता भएको साविक गजुल गा.वि.स. वडा नं. ६ मा पर्ने कित्ता नं. ९८६ को क्षेत्रफल ६४५ व.मी.को पुरै जग्गा रु. ४००००।- (अक्षरुपी चालिस हजार मात्र) र ऐ.ऐ. बस्ने गञ्ज बहादुर पुनको नाममा दर्ता श्रेष्ता भएको साविक गजुल गा.वि.स. वडा नं. ६ मा पर्ने कित्ता नं. ९८४ को क्षेत्रफल ८६५ व.मी.को पुरै जग्गा रु. ४५०००।- (अक्षरुपी पैतालिस हजार मात्र) मा लिएको हुदाँ उक्त जग्गा विद्यालयको नाममा निःशुल्क रजिष्ट्रेशन पासका लागि मालपोत कार्यालय लिबाङ रोल्पामा सिफारिस गरि पठाउने । | |
| | | ग) उच्च शिक्षाका लागि आर्थिक सहायता सम्बन्धमा । | ग) यस गाउँपालिका वडा नं. १ निवासी श्री रेजिना घर्तीले मिति २०८१/०६/१८ गतेका दिन उच्च शिक्षा MBBS अध्ययनका लागि पूर्ण छात्रवित्तृमा नाम निकालेको भएपनि घरको आर्थिक अवस्था कमजोर भएको हुदाँ उच्च शिक्षा अध्ययनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि निवेदन पेश गरेको हुदाँ आवश्यक कानुन निर्माण गरी सहयोग गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष